## तनहुँ जिल्ला अदालतवाट जारी भएको

### सूचना ! सूचना ! सूचना !!!

श्री तनहुँ जिल्ला अदालतबाट सर्वसाधरण सबैका लागि जारी भएको
लिलामी सुचना ।

उपर्युक्त सम्बन्धमा वादी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं ४ बस्ने प्रणय कायस्थ प्रतिवादी कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं १७ बस्ने सिरकुमारी गुरुङ भएको लेनदेन मुद्दामा कास्की जिल्ला अदालतको मिति २०७४।१२।२५ गतेको र पुनरावेदन अदालत पोखराको मिति २०७६।८।४ गतेको फैसला अनुसार वादीले प्रतिवादीबाट बैना वापत लिखतमा उल्लिखित सावाँ रु.५०,००,०००।–(पचास लाख रुपैयाँ) सोको कानून बमोजिमको व्याज तथा अदालती शुल्क रु ५९,०४४।-शुल्क समेत भराई लिन पाउने ठहरी फैसला भएको र उक्त विगो वापतको रकम प्रतिवादीले नबुझाएको भनी वादीले सिधा खर्च जम्मा गरी कास्की जिल्ला अदालतबाट प्रतिवादीलाई सुचना म्याद दिँदा पनि निजले फैसला बमोजिमको रकम दाखिला गर्न नल्याएको र मेरो नाउँममा रहेको तनहुँ जिल्ला साविक भानुमती गा.वि.स वडा नं.७/क अन्तरगत पर्ने कि.नं.९८ क्षेत्रफल २-४-१-१ को जग्गाबाट विगो भराई पाउँ भनी प्रतिवादीको दरखास्त परी कारवाही हुँदा प्रतिवादी सिरकुमारी गुरुङले देखाएको निजका नामदर्तामा रहेका उल्लिखित कित्ता जग्गाबाट वादीको विगो भराउनु पर्ने हुँदा उक्त जग्गा यस अदालतको क्षेत्रधिकार भित्र रहेको भनी कास्की जिल्ला अदालतबाट मिसिल प्राप्त हुँदा यस अदालतबाट मिति २०८०।३।६ गते तायदात जायदात कार्य सम्पन्न भएको र मिति २०८०।३।२५ मा उक्त जग्गाको पञ्चकृर्ते मुल्य कायम भई आएको छ। पञ्चकृर्ते मूल्याङ्कन अनुसार उक्त कि.नं.९८ को प्रतिरोपनी रु.२५,०००।–(पच्चीस हजार रुपैयाँ) का दरले न्युनतम मूल्य कायम भएको। अत: तपसिलको जग्गा उक्त पञ्चकृर्ते मूल्यलाई न्युनतम मूल्य मानी मिति २०८०।४।१८ गते पहिलो पटक लिलाम हुँदा कोही पनि सकार गर्न नआएकाले मिति २०८०।५।२५ गते मुलुकी देवानी कार्यविधी नियमावली,२०७५ को नियम ५७ बमोजिम वादीको विगो वापत द्रोस्रो पटक लिलाम वढावढ हुनेगरी पक्षलाई उक्त दिनको तारिख तोकी यो सूचना प्रकाशन गरीएको छ ।वादीको विगो वापत प्रतिवादीको जेथा बढावढ गरी लिलाम सकार गर्न इच्छुक नेपाली नागरिकले तपसिलमा उल्लेखित न्युनतम मूल्यमा नघटाई डाँक कवुल सकार गर्न चाहने सवैको निमित्त यो सुचना प्रकाशित गरिएकोछ ।

तपसिल:

१. डाँक लिलाम मिति २०८०।५।२५ गते हुने भएकोले यस अदालतको तहशिल शाखामा दिनको १:०० बजेदेखि कार्यालय समय सम्म डाँक लिलाममा बोल कबोल गर्न सकिने छ ।
२. तोकिएको दिन सार्वजनिक विदा परे सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन डाँक लिलाम हुनेछ।
३. मुलुकी देवानी कार्यविधी नियमावली,२०७५ को नियम ५७ बमोजिम कायम भएको न्युनतम पञ्चकृते मुल्यबाट डाँक बढाबढ गर्नुपर्ने छ ।

४. डाँक लिलाम बढाबढ हुँदा सवैभन्दा बढी अंक (रकम) बोलकबोल गर्ने व्यक्तिलाई डाँक लिलाम सकार गराइनेछ।

५. डाँक लिलाम बढाबढको वखत बोलकबोल गरेको रकम तत्कालै दाखिल गर्नुपर्ने छ। तत्काल दाखिल गर्न नसके सो अंकको १० प्रतिशत तत्कालै दाखिला गरी बाँकी रकम डाँक लिलाम भएको मितिले ७ दिन भित्र दाखिल गर्नुपर्ने छ । त्यसरी ७ दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुन:डाँक लिलाम बढाबढको सुचना प्रकाशित गरिनेछ ।

६. यस सम्वन्धमा थप बुझ्नुपर्ने भएमा यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नुहोला ।

७. डाँक लिलाम हुने सम्पत्तिको विवरण :-

अचल सम्पत्तिको विवरण:

**विपक्षी/प्रतिवादी सिर कुमारी गुरुङका नामदर्तामा रहेको जग्गा:-**

| सि.नं | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कि.नं | क्षेत्रफल | पञ्चकृते मुल्याङकन बमोजिमको न्युनतम मुल्य |
|---|---|---|---|---|---|---|
| १. | तनहुँ | भानुमती | ७/क | ९८ | २-४-१-१ | प्रतिरोपनी रु. २५,०००।–(पच्चीस हजार रुपैयाँ)का दरले जम्मा मुल्य रु. ५६,७५०।–(छपन्न हजार सात सय पचास रपयाँ मात्र) |

इति सम्वत् २०८० साल साउन महिना २९ गते रोज २ शुभम्.........................................................